नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
जनशक्ति व्यवस्थापन विभागको

## अनलाईन (Online) दरखास्त फाराम सम्बन्धी सूचना

(मिति : २०७८/०४/१०)

यस बैंकमा रिक्त रहेका देहायका पदहरुमा करार मार्फत् पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्य नेपाली नागरिकहरुबाट मिति २०७८/०४/१० गते आईतबार देखि मिति २०७८/०४/२४ गते आईतबारका दिन भित्र अनलाइन दरखास्त फारम पेश गर्न आव्हान गरिएको छ । बैंकले तोकेको अनलाईन फाराममा भर्नुपर्ने सम्पूर्ण विवरण भरी सोको साथ आफूले प्राप्त गरेको न्यूनतम शैक्षिक योग्यता, नागरिकताको प्रमाणपत्र, अन्य सम्पूर्ण प्रमाणपत्र तथा नागरिकताको प्रमाणपत्रबाट उमेर नखुल्ने भएमा उमेर खुल्ने शैक्षिक योग्यताको प्रमाणपत्र र पासपोर्ट साइजको फोटो Scan/Attach गरी तोकिएको दस्तुर तिरी दरखास्त पेश गर्नुपर्नेछ । म्यादभित्र दाखिला नभएको वा रीत नपुगी आएको दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ ।

| विज्ञापन नं. | पद | आवश्यक पद संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| क) सुरक्षा समूहतर्फ | | | |
| १०१/२०७८ | सुरक्षा सहायक | १ | एस.एल.सी. वा सो सरह उत्तीर्ण । |
| १०२/२०७८ | रक्षक | ५ | एस.एल.सी. वा सो सरह उत्तीर्ण । |
| १०३/२०७८ | सिपाही | २२ | आठ कक्षा उत्तीर्ण । |
| १०४/२०७८ | सिपाही (महिला) | ५ | आठ कक्षा उत्तीर्ण । |
| ख) कार्यालय सहयोगीतर्फ | | | |
| १०५/२०७८ | कार्यालय सहयोगी | ३० | आठ कक्षा उत्तीर्ण । |

१. करार सेवा अवधि :- ६ महिना ।

२. आवश्यक अनुभव

**क) सुरक्षा समूहतर्फ** :- नेपाली सेनाबाट निवृत्तिभरण प्राप्त गर्ने गरी अवकाश पाएको ।

**ख) कार्यालय सहयोगीतर्फ** :- नेपाल राष्ट्र बैंक वा बैंक तथा वित्तीय संस्था वा नेपाल सरकारका निकायमा कार्यालय सहयोगी पदमा काम गरी निवृत्तिभरण प्राप्त गर्ने गरी सेवाबाट अवकाश पाएको ।

३. उम्मेदवारको उमेर :- दरखास्त दिने अन्तिम मितिमा ४५ बर्ष ननाघेको ।

४. उम्मेदवारको छनोट विधि

**क) सुरक्षा समूहतर्फ** :- लिखित, प्रयोगात्मक तथा अन्तर्वार्ता परीक्षा ।

**ख) कार्यालय सहयोगीतर्फ** :- लिखित तथा अन्तर्वार्ता परीक्षा ।

**(दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको संख्या १०० वा सोभन्दा कम भएमा प्रयोगात्मक र/वा अन्तर्वार्ता परीक्षामात्र हुनेछ ।)**

५. स्वीकृत नामावली प्रकाशन :- २०७८ साल भदौ १ गते बैंकको वेबसाइटमा प्रकाशन हुनेछ ।

६. परीक्षा कार्यक्रम प्रकाशन :- २०७८ साल भदौ १ गते बैंकको वेबसाइटमा प्रकाशन हुनेछ ।

७. पारिश्रमिक तथा अन्य सुविधा :- बैंकको नियमानुसार करारनामामा उल्लेख भए बमोजिम हुनेछ ।

८. काम गर्नुपर्ने कार्यालय :- बैंकको केन्द्रीय कार्यालय र प्रदेशस्थित कार्यालयहरु ।

९. सेवा सम्बन्धी शर्त :- दुवै पक्षबीच हुने करारनामामा उल्लिखित शर्तअनुसार हुनेछ ।

१०. अनलाईन दरखास्त पेश गर्ने तरीका :- यस बैंकको website: www.nrb.org.np मा Career भित्र राखिएको Online Portal for Contract Application बाट भर्न सकिनेछ ।

११. परीक्षा दस्तुर :- रु. ६००।- (रीत नपुगेको कारणले आवेदन फारम अस्वीकृत हुने आवेदकहरुको परीक्षा दस्तुर फिर्ता हुने छैन ।)

१२. परीक्षा दस्तुर बुझाउने प्रक्रिया :- अनलाईन दरखास्त फाराम Submit गरेपश्चात् पोर्टलमा रहेको eSewa, Connect IPS वा Khalti मार्फत् बुझाउन सकिनेछ ।

१३. अनलाईन दरखास्त पेश गर्दा कुनै द्विविधा भएमा यस बैंकको जनशक्ति व्यवस्थापन विभाग वालुवाटार, फोन नं. ०१-४४१९८०४/०५/०६/०७ एक्स्टेनसन नं. १३८ वा १४६ वा ०१४४४१०३६ मा अथवा बैंकको ईमेल ठेगाना career@nrb.org.np मार्फत् सम्पर्क गर्न सकिनेछ ।

१४. यो सूचना तथा उपरोक्त पदको पाठ्यक्रम यस बैंकको website: www.nrb.org.np को Career अन्तर्गत Notices भित्र राखिएको छ ।

............................

**(विज्ञान राज सुवेदी)**

**निर्देशक एवं सदस्य सचिव**

**पदपूर्ति उपसमिति**